जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
प्रदेश नं २ , नेपाल

## आ.व. २०७८।७९ को आन्तरिक आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना ।

### तेश्रो पटक प्रकाशित मिति २०७८।०८।१० गते

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न शिर्षकहरुबाट आ.व. २०७८।७८ को ठेक्का बढाबढको माध्यमबाट आ.व. २०७८।७९ शुल्कदस्तुर उठाउनु पर्ने भएकोले दोश्रो पटक मिति २०७८।०७।०० मा सुचना प्रकाशित गरिएकोमा म्याद भित्र कुनै पनि वोलपत्रहरु दर्ता हुन नआएकोले ६१ औ कार्यपालिकावाट निर्णय भए अनुसार पुन तेश्रो पटक सिलवन्दी बोलपत्र खरिद गरी ७ सात दिन भित्र दाखिला गर्नको लागी यो सूचना प्रकाशित गरिन्छ ।अन्य शर्तहरु दोश्रोपटक प्रकाशित सुचनामा उल्लेख भए अनुसार हुनेछ । विस्तृत जानकारीको लागी यस कार्यालयको सुचना पाटीमा र www.mun.gov.np मा समेत राखिएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

# जीतपुरसिमरा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
प्रदेश नं २ , नेपाल

आ.व. २०७८।७९ को आन्तरिक आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८।०८।१०

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न शिर्षकहरुबाट आ.व. २०७८।७८ को ठेक्का बढाबढको माध्यमबाट आ.व. २०७८।७९ शुल्कदस्तुर उठाउनु पर्ने भएकोले इच्टुक स्थायी लेखा नम्बर (प्यान) प्राप्त गरेका वा मूल्य अभिबृद्धि करको दायरामा समेटिएका नेपाली नागरिकको फर्म वा कम्पनीहरुबाट फर्मको नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७७।०७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपीहरुका साथै निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति, समय र स्थानमा बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिन्छ ।

| क.स. | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम | बोलपत्र फारम दस्तुर | धरौटि रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | जीतपुर (गुदरी) बजार, तरकारी तथा फलफूल बजार र घुम्ती पसलहरुबाट शुल्क उठाउने । | रु.५,४४,०००।- (अक्षरेपी रु. पाँच लाख चवालिस हजार मात्र।) | १०००।- | कबोल अंकको ५% | ७ दिन भित्र |
| २ | जीतपुर बजारको पशु (पाडा, राँगा, भैंसी) हाटबजार व्यवस्थापन एवम् सो बापतको शुल्क उठाउने । | रु.८,००,०००।- (अक्षरेपी रु. आठ लाख मात्र।) | १०००।- | कबोल अंकको ५% | ७ दिन भित्र |
| ३ | कवाडी तथा जीवजन्तुमा लाग्ने कर/शुल्क उठाउने । | रु.१,७०,००,०००।-(अक्षरेपी रु एक करोड सत्तरी लाख मात्र ।) | ३०००।- | कबोल अंकको ५% | ७ दिन भित्र |

<u>शर्तहरु</u> :

१. बोलपत्र फारम जीतपुरसिमराको यस कार्यालय जीतपुर, (बारा) बाट पछि फिर्ता नहुने गरी यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले ८ औ दिन सम्म दिनको १२:०० बजे भित्र नेपाली नागरिकले आफूले कबोल गरेको कूल ठेक्का अंकको ५% धरौटी रकम नेपाल बैंक लिमिटेड जीतपुरमा रहेको यस कार्यालयको धरौटी खाता नं. १०००३००००००३००००००००१ मा दाखिला गरेको सक्कल भौचर संलग्न गरी उ.म.न.पा. को

कार्यालय जीतपुर बारामा बोलपत्र पेश गर्न सकिनेछ। धरौटी बापत रकम जम्मा नगरेकालाई मान्यता दिइने छैन।

३. यस कार्यालयमा पर्न आएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयको जीतपुर बारामा बोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन उक्त कार्यहरु गरिनेछ।

४. ठेक्का अवधि २०७८ असाढ मसान्त सम्म हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको अंक र अक्षर दुवैमा स्पष्टगरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको रकम अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनेछ ।

६. बोलपत्र स्वीकृति भए पछि सूचना पाएको वा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आय कर/मु.अ. करदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा ठेक्का अंकको १०% रकम छुट दिईनेछ ।

८. ठेकेदारले नियमानुसारको आयकर तथा मूल्य अभिबृद्धि कर आफैले आन्तरिक राजश्व कार्यालयमा बुझाउँनु पर्नेछ । सो बाहेक पनि नेपाल सरकार वा स्थानिय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्का रकमबाट कटाउन पाईने छैन ।

९. नेपाल सरकार वा यस कार्यालयबाट समय समयमा दिईने नीति, निर्देशन तथा आदेशको पालना गर्ने ठेकेदारको कर्तव्य हुनेछ ।

१०. बन्द, हडताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने अवस्थाका कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। साथै कर छुट वा मिनाहा पाईने छैन।

११. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा-छुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुखबाछ प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. अभिलेख गराई मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१२. कुनै कारण जनाई वा निजलाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस उ.म.न.पा. मा सुरक्षित रहनेछ । बढाबढ गर्दा शर्त सहितको बढाबढलाई बदर मानिनेछ ।

१३. ठेक्काका सम्बन्धमा कुनै किसिमको बिवादको स्थिति सृजना भएमा वा यस कार्यालय तथा ठेकेदार बिच कुने बिवाद उत्पन्न भएमा प्रचलित ऐन, कानून नियमको परिधिभित्र रही यस कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. सम्झौता र चलान पूर्जिमा उल्लेख भएका माल बस्तु र दर रेटको प्रतिकूल हुने गरी कर दस्तुर शुल्क लिन पाईने छैन। बढी लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा चार गुणा जरिवाना गरिने र उजुरी कर्तालाई जरिवाना रकमको ५० प्रतिशत रकम दिईनेछ । कर, शुल्क तिर्नुपर्ने दायित्व भएको करदाता तोकिएकव कर नतिरी झुक्याई भागेमा तोकिएको करको दोब्बर जरिवाना गरिनेछ ।

१५. तोकिएको समयमा तोकिएको किस्ता रकम नबुझाएमा कानून बमोजिमको ब्याज सहित असुल उपर गरिनेछ । सो समय सम्म पनि किस्ता रकम नबुझाएमा पेश गरिएको परफरमेन्स बण्ड (ग्यारेन्टि) बाट सम्झौता अनुसारको बोलकबोल रकम तोकिएको ब्याज समेत असुल उपल गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।

१६. सम्मानित अदालत, नेपाल सरकार, उ.म.न.पा. को निर्देशन पालना गर्नु गराउनु र लागू गर्नु बोलपत्रदाताको कर्तव्य एवं दायित्व हुनेछ। नीति, निर्देशन वा आदेशको पालनाको कारण बाट कुने क्षति, हानि- नोक्सानी हुन गएमा क्षतिपूर्तिको दावी ठेकेदारले उ.म.न.पा. सँग दावी गर्न पाउने छैन ।

१७. यस कार्यालयद्वारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र ठेकेदारले उठाउने कर उठाउनु पर्ने छ । राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा टाढा राखि कर उठाउन पाईने छैन । कर संकलन सम्बन्धी सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रहरुमा राखु पर्नेछ ।

१८. यस उपमहानगरपालिकाको आ.व.२०७७।७८ सम्मको आर्थिक दायित्व तथा बाँकी बक्यौता भूक्तानी गरेको हुनु पर्नेछ ।

# जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिको कार्यालय

बारा, प्रदेश नं. २

यस उपमहानगरपालिका भित्रको जीतपुर(गुदारी) बजार, तरकारी तथा फलफुल बजार र घुम्ती पसलहरु बाट शुल्क उठाउन ।

**बोलपत्र फारम**

## ठेक्का नं. १/२०७८/०७९

(७ दिने सूचना प्रकाशित मिति २०७८/०८/१०)

# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिको कार्यालय
## बारा, प्रदेश नं. २

बोलपत्र फारम मुल्य रु. १०००।-

यस जीतपुरसिमरा उपमहानगरपालिका जीतपुर (गुदारी) तरकारी तथा फलफुल बजार र घुम्ती पसलहरु बाट शुल्क उठाउने कार्य ।

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र ।
आ.व.२०७८/२०७९

| ठे.नं. | ठेक्का विवरण | कबोल रकम (बार्षिक) | | जम्मा गरेको धरौटी |
|---|---|---|---|---|
| | | अंक | अक्षरमा | |
| १. | न्युनतम अंक रु.,५,४४,०००।- (अक्षरेपी रु.पाँच लाख चवालिस हजार मात्र) | | | |
| | १३% | | | |
| | जम्मा | | | |
| | कुल कबोल अंक(मू.अ. कर सहित) रु. | | | |

कबोल रकम रु. ..................................अक्षरेपी रु.............................................................................मात्रको ठेक्का सकार गरको छु।
ठेक्का स्वीकृत भएमा नियमानुसार कबोल अंक रकम दाखीला गर्नेछु ।

बोलपत्रदाता, व्यक्ति/फर्मको नाम:

प्रोप्राइटरको नाम :

बावुको नाम :

ठेगाना:

बोलपत्रदाताको सही छाप :

मिति :

मुवाइल नं.

नागरिकता/राहदानी नं.

जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिको कार्यालय

बारा, प्रदेश नं. २

यस उपमहानगरपालिका क्षेत्र लाग्ने पाडा भैसी बजारमा उठाईने सरसफाई शुल्क ।

## बोलपत्र फारम

## ठेक्का नं.२/२०७८/७९

(७ दिने सूचना प्रकासित मिति २०७८/०८/१०)

जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिको कार्यालय

बारा, प्रदेश नं. २

बोलपत्र फारम मुल्य रु. १०००।-

यस उपमहानगरपालिका क्षेत्र लाग्ने पाडा भैसी बजारमा उठाईने सरसफाई शुल्क उठाउने कार्य।

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र ।

आ.व.२०७८/२०७९

| ठे.नं. | ठेक्का विवरण | कबोल रकम (बार्षिक) | | जम्मा गरेको धरौटी |
|---|---|---|---|---|
| | | अंक | अक्षरमा | |
| २. | न्युनतम अंक रु.८,००,०००।- (अक्षरेपी रु.आठ लाख मात्र) | | | |
| | १३% | | | |
| | जम्मा | | | |
| | कुल कबोल अंक(मू.अ. कर सहित) रु. | | | |

कबोल रकम रु. ....................................अक्षरुपी रु....................................................................मात्रको ठेक्का सकार गरको छु। ठेक्का स्वीकृत भएमा नियमानुसार कबोल अंक रकम दाखीला गर्नेछु।

बोलपत्रदाता, व्यक्ति/फर्मको नाम:

प्रोप्राइटरको नाम :

बावुको नाम :

ठेगाना:

बोलपत्रदाताको सही छाप :

मिति :

मु.अ. क. नं.

मुवाइल नं.

जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिको कार्यालय

बारा, प्रदेश नं. २

यस उपमहानगरपालिका क्षेत्र भित्र उडाइने जडीबुटी, कवाडी, जीवजन्तुमा कर सम्वन्धी बोलपत्र फारम ।

## बोलपत्र फारम

## ठेक्का नं. ३/२०७८/०७९

(७ दिने सूचना प्रकासित मिति २०७८/०८/१०)

# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिको कार्यालय
## बारा, प्रदेश नं. २

बोलपत्र फारम मुल्य रु. ३०००।-

उपमहानगरपालिका क्षेत्र भित्र उडाइने जडीबुटी, कवाडी, जीवजन्तुमा कर सम्वन्धी कार्य ।

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र ।
आ.व.२०७८/२०७९

| ठ.नं. | ठेक्का विवरण | कबोल रकम (बार्षिक) | | जम्मा गरेको धरौटी |
|---|---|---|---|---|
| | | अंक | अक्षरमा | |
| ३. | न्युनतम अंक रु.१,७०,००,०००।- (अक्षरेपी रु.एक करोड सत्तरी सत्तरी हजार मात्र) | | | |
| | १३% | | | |
| | जम्मा | | | |
| | कुल कबोल अंक(मू.अ. कर सहित) रु. | | | |

कबोल रकम रु. ...................................अक्षरेपी रु.....................................................................मात्रको ठेक्का सकार गरको छु ।
ठेक्का स्वीकृत भएमा नियमानुसार कबोल अंक रकम दाखीला गर्नेछु ।

बोलपत्रदाता, व्यक्ति/फर्मको नाम:

प्रोप्राइटरको नाम :

बाबुको नाम :

ठेगाना:

बोलपत्रदाताको सही छाप :

मिति :

मु.अ. क. नं.

मुवाइल नं.

# जीतपुरसिमरा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

प्रदेश नं.२, नेपाल

आ.व. २०७८/०७९ को आन्तरिक आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मिति २०७८/०७/१८

स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न शिर्षकहरुबाट आ.व. २०७८/०७९ को ठेक्का बढाबढको माध्यमबाट आ.व. २०७८।०७९ शुल्कदस्तुर उठाउनु पर्ने भएकोले इच्छुक स्थायी लेखा नम्बर (प्यान) प्राप्त गरेका वा मूल्य अभिबृद्धि करको दायरामा समेटिएका नेपाली नागरिकको फर्म वा कम्पनीहरुबाट फर्मको नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपीहरुका साथै निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति,समय र स्थानमा बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिन्छ ।

| क्र. सं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम | बोलपत्र फारम दस्तुर | धरौटि रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| २. | **जीतपुर (गुदरी) बजार**, तरकारी तथा फलफूल बजार र घुम्ती पसलहरुबाट शुल्क उठाउने । | रु १५,००,०००।- (अक्षरेपी रु पन्ध्र लाख मात्र ।) | १०००।- | कबोल अंकको ५% | १५ दिन भित्र |
| ३. | जीतपुर बजारको पशु (पाडा, राँगा, भैंसी) हाटबजार व्यवस्थापन एवम् सो बापतको शुल्क उठाउने । | रु. १५,००,०००।- (अक्षरेपी रु पन्ध्र लाख मात्र ।) | १०००।- | कबोल अंकको ५% मात्र | १५दिन भित्र |
| ४. | कवाडी तथा जीवजन्तुमा लाग्ने कर/शुल्क उठाउने । | रु.३००००००।- (अक्षरेपी रु तीन करोड मात्र ।) | ५०००।- | कबोल अंकको ५% मात्र | १५दिन भित्र |

**शर्तहरु :**

१. बोलपत्र फारम जीतपुरसिमराको यस कार्यालय जीतपुर, (बारा) बाट पछि फिर्ता नहुने गरी यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिल १५ दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६औ दिन सम्म दिनको १२ :०० बजे भित्र नेपाली नागरिकले आफूले कबोल गरेको कूल ठेक्का अंकको ५% धरौटी रकम नेपाल बैंक लिमिटेड जीतपुरमा रहेको यस कार्यालयको धरौटी खाता नं. १०००३०००००३००००००००१ मा दाखिला गरेको सक्कल भौचर संलग्न गरी उ.म.न.पा. को कार्यालय जीतपुर बारामा बोलपत्र पेश गर्न सकिनेछ । धरौटी बापत रकम जम्मा नगरेकालाई मान्यता दिइने छैन ।

३. यस कार्यलयमा पर्न आएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयको जीतपुर बारामा बोलपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहबारमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न

बाधा पर्ने छैन। बोलपत्र खरिद दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन उक्त कार्यहरु गरिनेछ।

४. ठेक्का अवधि २०७८ असाढ मसान्तसम्म हुनेछ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको अंक र अक्षर दुवैमा स्पष्टगरीउल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको रकम अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनेछ।

६. बोलपत्र स्वीकृति भए पछि सूचना पाएको वा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आय कर/मु.अ. करदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ।

७. ठेकेदारले कबोल गरेको कूल रकम ३ (तीन) किस्तामा बुँझाउनु पर्नेछ। पहिलो किस्ता आफुले कबोल गरेको कूल ठेक्का रकमको ५० प्रतिशत रकम बुझाएर मात्र सम्झौता हुनेछ। दोश्रो किस्ता २५%रकम ०७८ पौष मसान्तभित्र, तेस्रो किस्ता २५%रकम ०७८ चैत्र मसान्त भित्र बुझाउँनु पर्ने छ।

८. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा ठेक्का अंकको १०% रकम छुट

दिईनेछ।

९. ठेक्केदारले नियमानुसारको आयकर तथा मूल्य अभिबृद्धि कर आफैले आन्तरिक राजश्व कार्यालयमा बुझाउँनु पर्ने छ। सो बाहेक पनि नेपाल सरकार वा स्थानिय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेक्केदार स्वयंमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्ने छ। ठेक्का रकमबाट कटाउन पाईने छैन।

१०. नेपाल सरकार वा यस कार्यालयबाट समय समयमा दिईने नीति, निर्देशन तथा आदेशको पालना गर्ने ठेकेदारको कर्तव्य हुनेछ।

११. बन्द, हडताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने अवस्थाका कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। साथै कर छुट वा मिनाहा पाईने छैन।

१२. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा-छुट्टै ३/३ प्रति रसिद ठेक्केदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. अभिलेख गराई मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१३. कुनै कारण जनाई वा निजलाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस उ.म.न.पा. मा सुरक्षित रहनेछ। बढाबढ गर्दा शर्त सहितको बढाबढलाई बदर मानिनेछ।

१४. ठेक्काका सम्बन्धमा कुनै किसिमको बिवादको स्थिति सृजना भएमा वा यस कार्यालय तथा ठेक्केदार विच कुनै बिवाद उत्पन्न भएमा प्रचलित ऐन, कानून नियमको परिधिभित्र रही यस कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

१५. सम्झौता र चलान पूर्जिमा उल्लेख भएका माल बस्तु र दर रेटको प्रतिकूल हुने गरी कर दस्तुर शुल्क लिन पाईने छैन। बढी लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा चार गुणा जरिवाना गरिने र उजुरी कर्तालाई जरिवाना रकमको ५० प्रतिशत रकम दिईनेछ। कर, शुल्क तिर्नुपर्ने दायित्व भएको करदाता तोकिएको कर नतिरी झुक्याई भागेमा तोकिएको करको दोब्बर जरिवाना गरिनेछ।

१६. तोकिएको समयमा तोकिएको किस्ता रकम नबुझाएमा कानून बमोजिमको व्याज सहित असुल उपर गरिनेछ । सो समय सम्म पनि किस्ता रकम नबुझाएमा पेश गरिएको परफरमेन्स बण्ड(ग्यारेन्टि) बाट सम्झौता अनुसारको बोलकबोल रकम तोकिएको व्याज समेत असुल उपर गरिने छ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।

१७. सम्मानित अदालत, नेपाल सरकार, उ.म.न.पा. को निर्देशन पालना गर्नु गराउनु र लागू गर्नु बोलपत्रदाताको कर्तव्य एवं दायित्व हुनेछ । नीति, निर्देशन वा आदेशको पालनाको कारण बाट कुनै क्षति, हानी, नोक्सानी हुन गएमा क्षतिपूर्तिको दावी ठेकेदारले उ.म.न.पा. सँग दावी गर्न पाउने छैन् ।

१८. यस कार्यालयद्वारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र ठेकेदारले उठाउने कर उठाउनु पर्ने छ । राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा टाढा राखी कर उठाउन पाईने छैन । कर संकलन सम्बन्धी सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रहरुमा राख्नु पर्नेछ ।

१९. ठेक्का नं. २ को हकमा जीतपुर बजार क्षेत्र अन्तर्गत हाईवे रोडमा, फुटपाथमा पसल–पसल राख्न र कर उठाउन पाईने छैन । पसल राख्न लगाई कर उठाइएको पाइएमा उठाइएको रकमको दोब्बर जरिवाना गरिने छ । फुटपाथमा राखिएको पसल हटाउन ठेकेदारले आवश्यक सहयोग गर्नु पर्ने छ ।

२०. यसमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

२१. यस उपमहानगरपालिकाको आ.व.२०७७/७८ सम्मको आार्थिक दायीत्व तथा बाँकी बक्यौता भूक्तानी गरेको हुनु पर्नेछ ।